नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

रोल्पा

फ्याक्स :०८६-४४०१३३
फोन :०८६-४४०११०
:०८६-४४०२००

प.स. ०८३/०८४
च.न.

मितिः२०८३/०४/३०

एकद्वार प्रणाली मार्फत राहत सामाग्री वितरण सम्बन्धमा ।

यही मिति २०८३/०४/२७ गते रोल्पा जिल्ला थवाङ गाउपालिका वडा नम्वर ५ कोटलबारा र मिति २०८३/०४/२८ गते सुनछहरी गाउपालिका वडा नम्वर २ फलवाङ र गिच्छेमा मनसुनजन्य विपद्का घटनाबाट प्रभावित नागरिकहरूलाई राहत सामाग्री उपलब्ध गराउने सम्वन्धमा विभिन्न गैरसरकारी संघसंस्था, निजी क्षेत्र, सामाजिक संघसंस्था तथा व्यक्ति/समूहले विभिन्न माध्यमवाट सम्पर्क गरी चासो र चिन्ता लिनु भएकोमा धन्यवाद व्यक्त गर्दै राहत सामाग्री वितरण कार्यलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा दोहोरोपनारहित बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम एकद्वार प्रणालीबाट राहत तथा सहयोग व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ।

अतः सरकारी निकाय, स्थानीय तह, गैरसरकारी संघसंस्था, निजी क्षेत्र, सामाजिक संस्था, इच्छुक व्यक्ति/समूहले विपद् प्रभावित क्षेत्रमा राहत सामग्री वितरण गर्नुपूर्व जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहसँग अनिवार्य रूपमा समन्वय गरी अभिलेखीकरण गराएर मात्र राहत सामाग्री उपलव्ध गराउनु हुन अनुरोध गरिन्छ ।

समन्वयको लागि हार्दिक धन्यवाद

२०८३/०४/३०
(घनश्याम गौतम)
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी